FIFA WORLD CUP RUSSIA 2018




# फ्रि-किक गोलमा सर्बिया विजयी



मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपअन्तर्गत आइतबार समूह इ को पहिलो खेलमा सर्बियाले कोस्टारिकालाई १-० गोल अन्तरले पराजित गरेको छ।

पहिलो हाफसम्म गोलविहीन बनेको उक्त खेलको ५६औं मिनेटमा एफसी रोमाका डिफेन्डर अलेक्जेन्डर कोलोरोभले गरेको उत्कृष्ट फ्रि-किक गोल निर्णायक भएपछि सर्बियाको जित पक्का भयो। उनको प्रहार बलले कोस्टारिकाको गोलपोस्टतर्फ माथिल्लो जाली चुमेको थियो।

म्यानचेस्टर सिटीका पूर्वडिफेन्डर कोलोरोभले करिब २५ यार्डको दूरीबाट प्रहार गरेको फ्रि-किकमा बल घुमाउरो पारामा गोलपोस्ट भित्र छिरेको थियो। कोलारोभको सुन्दर फ्रि-किकले रियल मेड्रिडका गोलरक्षक केयलोर नाभासलाई बिट गरेको हो। योसँगै रुसमा जारी विश्वकपमा युरो टोली आयोजक राष्ट्र, डेनमार्क, क्रोयसियाले जित हात पारिसकेका छन्। आइसल्यान्ड, स्पेन र पोर्चुगलले बराबरी नतिजा बेहोरेका छन्।

यसअघि तुलनात्मक रूपमा खेल अवधिभर बल पोजिसनमा कोस्टारिका अगाडि देखिए पनि बराबरी गोल भने फर्काउन सकेन। यी दुवै टोलीले समान दस-दस पटक गोलका लागि प्रहार गरेका थिए।

# मेक्सिकोद्वारा जर्मनी स्तब्ध



मस्को, (एजेन्सी)

मेक्सिकोले विश्वकपका डिफेन्डिङ र चारपटकको च्याम्पियन जर्मनीलाई १-० ले हराएर रुसमा जारी विश्वकपमा सबैभन्दा स्तब्ध नतिजा निकालेको छ।

आइतबार मस्कोस्थित लुजनीकी स्टेडियममा भएको खेलमा हर्भिङ लोजानोको निर्णायक गोल नै जर्मनीलाई हराउन पर्याप्त भएको थियो। पीएसभी एन्डहोभनका लोजानोले मेसुट ओजीललाई छक्याएर प्रहार गर्दा गोलकिपर म्यानुल नेउरले बल बचाउन कुनै मौका पाएनन्। बलले जाली चुमेपछि मेक्सिकोले १-० को अग्रता लिएको थियो।

जर्मनीको तर्फबाट टोनी क्रुसको फ्रिकिक गोल हुनबाट चुकेको थियो। जोशुआ किमिच र टिमो वेर्नरले पनि मौका पाए तर उनीहरू पनि बराबरी गोल फर्काउन असफल भएका थिए।

मेक्सिकोले शुरुदेखि नै सानदार खेल पस्केर जर्मनीलाई दबाबमा राखेको थियो। मेक्सिकोले एकपछि अर्को डरलाग्दो आक्रमण गर्दै जर्मनीका गोलकिपर र डिफेन्डरलाई व्यस्त राखेको थियो। यसै क्रममा खेलको ३५औं मिनेटमा लोजानोले गोल गरेका थिए।

## तथ्य

- १९८२ विश्वकपमा अल्जेरियासँग हारेपछि जर्मनीको पहिलो हार।
- पहिलो खेलमा हार्ने जर्मनी लगातार तेस्रो च्याम्पियन टोली हो।
- यसअघि इटाली (२०१०) र स्पेन (२०१४) पहिलो खेलमा हारेका थिए।
- मेक्सिकोका ३९ वर्षीय राफाल मार्क्वेज दोस्रो हाफमा मैदान आएपछि पाँच लगातार विश्वकप खेल्ने तेस्रो खेलाडी बने।
- यसअघि जर्मनीका लोथार म्याथ्युज र एन्टोनीयो कार्बाजलले पाँच पाँच विश्वकप खेलेका थिए।


# प्लेयर्स टु वाच



## केभीन डे ब्रुयने (बेल्जियम)

इंग्लिस प्रिमियर क्लब म्यानचेस्टर सिटीका मिडफिल्डर हुन् केभिन डे ब्रुयने। सन् २००८ बाट बेल्जियमको जिन्क क्लबबाट फुटबल करियरको थालनी गरेका केभिन त्यसपछि चेल्सी, वेर्डर ब्रेमेन, उल्फ्सबर्ग हुँदै सन् २०१५ मा म्यानचेस्टर सिटी पुगेका हुन्। यसक्रममा मिडफिल्डर केभिनले सिटीका तर्फबाट ९७ खेलमा २१ गोल समेत गरेका छन्। ५ फिट ११ इन्च उचाइ भएका २६ वर्षीय केभिन सन् २०१० देखि बेल्जियम राष्ट्रिय टोलीमा अटाएका महत्त्वपूर्ण खेलाडी हुन्। यस क्रममा उनले बेल्जियमको राष्ट्रिय टिमबाट ६२ म्याचमा १४ गोल आफ्नो नाममा लेखाएका छन्।

## ह्यारी केन (इंग्ल्यान्ड)



इंग्लिस प्रिमियर लिग टोटन≈याम हट्सपरका चर्चित स्ट्राइकर हुन ≈यारी एडवर्ड केन। टोटेन≈याम हट्सपरबाट उनले १ सय ५० खेलमा १ सय ८ गोल गरेका छन्। यसै सिजनमा इभर्टनविरूद्ध ४-० को जित निकाल्दा २ गोल गरेका उनले टोटेन≈याम क्लबको इतिहासमा सर्वाधिक गोलकर्ता बन्ने कीर्तिमानसमेत बनाएका छन्। ६ फिट २ इन्च उचाइ भएका २४ वर्षीय केन सन् २०१५ देखि इंग्ल्यान्डको राष्ट्रिय टिममा सामेल छन्। इंग्लिस राष्ट्रिय टिमबाट २४ म्याचमा उनले १३ गोल गरेका छन्।




# टिट्स विट्स

## नाचोलाई डायबिटिज

मस्को, (एजेन्सी)

नाचो १४ वर्षको उमेरदेखि नै डायबिटिजसँग लडिरहेका छन्। यस्तो रोगले उनको करिअर नै समाप्त गर्न सक्थ्यो। त्यतिबेला उनी रियल मेड्रिडको युवा टोलीमा प्रशिक्षण लिइरहेका थिए। डाक्टरहरूले उनलाई कहिल्यै फुटबल खेल्न सक्दैन भनेका थिए। तर उनले हिम्मत देखाएर संघर्ष जारी गरे र पछि डाक्टरसँग सल्लाह लिँदा उनलाई आफ्नो सपना पुरा गर्न सकिने बताइयो।

नाचो लामो समयसम्म इन्सुलिनको सामग्री लिएर मैदान जाने गर्थे। अभ्यास गर्छ, इन्सुलिन लिन्छ र फेरि अभ्यास गर्छ उनी। नाचो २००२ मा सिनियर टोलीमा स्थान पाएपछि उनको सपना पुरा भएको थियो। रियल मेड्रिडमा आफ्नै आदर्श खेलाडी जिनेदाइन जिदानको नेतृत्वमा खेल्न पाउँदा पनि आफ्नो सपना पुरा भएको उनले भनेका थिए।





विश्वकप अन्तर्गत मेक्सिको विरूद्ध आफ्नो टोली पछि पर्दा जर्मन समर्थक निरास हुँदै।

## गोलकिपरले उपहार स्विकारेनन्

मस्को, (एजेन्सी)

इजिप्टका गोलकिपर मोहमद अल शेनावीले म्यान अफ द म्याच स्वरूप पाउने उपहार लिन अस्विकार गरेका छन्।

समूह ए अन्तर्गत उरुग्वेविरुद्धको पहिलो खेलमा अल शेनावीले एडिसन काभानी र लुइस सुआरेजको प्रहार रोकेका थिए। तर ८९औं मिनेटमा जोसे गिमीनेजले गोल गरेर इजिप्टको मन टुक्रयाएका थिए।

रक्सीको कम्पनी बडवेसरको प्रायोजनमा रहेकोले सो उपहार लिन उनलाई मुस्लीम धर्मबाट बन्देज लगाएको शेनावीले बताए। मुस्लिम धर्मअुनसार जाँड रक्सीलाई प्रतिबन्ध रहेको उनले बताए। बडवेसर विश्वकप २०१८ को एक प्रायोजक हो।

रुसमा मुस्लिम बाहुल्यताका सात राष्ट्र सहभागी छन्। इजिप्ट, साउदी अरेबिया, मोरोक्को, इरान, ट्युनिसिया, सेनेगल र नाइजेरिया रहेका छन्। त्यस्तै स्टार खेलाडीमा फ्रान्सका पउल पोग्बा, जर्मनीका मेसुट ओजिल र इजिप्टकै मोहमद सालह छन्।

# आत्मघाती गोलसँगै क्रोएसियाले जित्यो

मस्को, (एजेन्सी)

क्रोएसियाले विश्वकपअन्तर्गत समूह डी मा आफ्नो पहिलो खेल जित्दै सुखद शुरूआत गरेको छ। शनिबार राति कलीनीनग्राडमा भएको खेलमा विपक्षीको आत्मघाती गोल र लुका मोड्रिचले गोल गर्दा क्रोएसियाले नाइजेरियालाई २-० ले हरायो। ओगेनेकारो इटेबोले ३२औं मिनेटमा आफ्नै पोस्टमा गोल गरेपछि क्रोएसिया १-० ले अघि बढेको थियो। मोड्रिचको कर्नरमा उनले आत्मघाती गोल गर्न पुगे। उनी जारी विश्वकपमा आत्मघाती गोल गर्ने दोस्रो खेलाडी बने। यसअघि मोरोक्कोका अजीजले आत्मघाती गोल गर्दा अन्तिम मिनेटमा खेल गुमाएको थियो।

यसपछि ७१औं मिनेटमा मोड्रिचले पेनाल्टीमा गोल गर्दै जित पक्का गरेका थिए। मान्डजुकिचको कर्नरमा विलियम ट्रस्ट इकोन्गले बल हातले छोएपछि क्रोएसियाले पेनाल्टी किक हान्न अवसर जुधेको थियो। नाइजेरियाले खेलमा केही राम्रा सट प्रहार गरेको थियो। डेजान लोभरनले एलेक्स इओबीको प्रहार बचाए भने ओडिअन इगालोको प्रहार सीधै गोलकिपर डेनीयल सुबासीचको हातमा पुगेको थियो। जितले क्रोएसियालाई समूहमा शीर्ष स्थानमा पुर्‍याएको छ। यसै समूहको खेलमा अर्जेन्टिना र आइसल्यान्ड १-१ बराबरी खेलेका थिए।

# पेरूले पेनाल्टी गुमाउँदा डेनमार्कलाई फाइदा

मस्को, (एजेन्सी)

पेरुलाई १-० ले हराएर डेनमार्कले पनि जारी विश्वकपमा जितबाटै शुरूआत गरेको छ। दक्षिण अमेरिकी टोलीविरुद्ध जित हात पार्न डेनमार्कलाई कडा संघर्ष गर्नु परेको थियो। क्रिस्टियन इरिक्सेनको पासमा युसुफ पउल्सनले ५९औं मिनेटमा गरेको गोल नै निर्णायक भएको थियो। भार प्रविधि यहाँ पनि प्रयोग भयो। पउल्सनले क्रिस्टियन कुएभालाई फाउल गरेको भिडियो रिप्लेमा स्पष्ट हुँदा पेरुलाई पेनाल्टी हान्न मौका दिइयो। कुएभाको प्रहार क्रसबारमाथि जाँदा पेरुले जित हात पार्ने सम्भावना समाप्त भयो। पेरु १९७० विश्वकपको क्वार्टरफाइनलमा पुगेको थियो। यसपछि १९८२ मा विश्वकपमा पहिलो चरणबाट विदा भएको पेरुले ३६ वर्षपछि विश्वकप खेलिरहेको छ।



दर्शक दीर्घामा बसेका डिएगो म्याराडोनामाथि सबैको ध्यान केन्द्रित भएको थियो। उनले लगाएका दुईवटा घडी र सिगार तानिरहेको उनको फोटो पोस्ट गरिएको छ। म्याराडोनाले दुई घडी लगाउनुको कारण अन्य देशमा जाँदा आफ्नो देशको समय थाहा पाउनका लागि हो।